श्री

# उच्च अदालत जनकपुर

## अस्थायी इजलास वीरगन्ज

(प्रशासन शाखा)

पत्र संख्या:-०७६/०७७

मिति:-२०७७/०२/२३

च.नं. १६०५५

**विषय: बन्दाबन्दी (Lock Down) कायम रहेसम्म यस अदालतबाट सेवा प्रवाह हुने काम कारवाहीको कार्य तालिका।**

उपरोक्त विषयमा हालैका दिनहरुमा विश्वमा माहामारीको रुपमा फैलिएको कोरोना भाइरस (Covid-19)का कारण बन्दाबन्दीको अवस्था रहेकोले बन्दाबन्दीको अवधिमा र बन्दाबन्दी आंशिक वा पूर्णरुपमा खुलेपछि थप गर्न सकिने काम कारवाहीहरुलाई उपयुक्तता र संभाव्यताको आधारमा प्राथिमिकिरण गरी हाल यस अदालतबाट तपसिलमा लेखिए बमोजिमको सेवा प्रवाह हुने व्यहोरा सम्बन्धित सबै सेवाग्राहीहरुलाई जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।

१ बन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको निवेदनको दर्ता र सुनुवाइ

२ संक्रमक रोग सम्बन्धी ऐन अनुसारका मुद्दाहरुको निवेदन, पुनरावेदन दर्ता सुनुवाइ

३ सरकार वादी हुने शुरु मुद्दा दर्ता तथा थुनछेक आदेश वा कारवाही आदेश

४ शुरु तहको थुनछेक आदेश उपरको ७३ नं. बमोजिमको थुनुवाको निवेदन प्रतिवेदन दर्ता र सुनुवाइ

५ मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १५५ अनुसारका निवेदनहरु दर्ता र सुनुवाइ

६ नाबालकको अभिभावक जिम्मा सम्बन्धी निवेदन दर्ता र सुनुवाइ

७ जेष्ठ नागरिकको कैद छुट सम्बन्धी निंवेदन दर्ता र सुनुवाइ

८ सार्वजनिक सरोकारका रिट निवेदन दर्ता र सुनुवाइ

९ थुनामा रहेका मुद्दाहरुको कारवाही तथा थुनामा रहेका पक्षहरु र सो संग लगाउका मुद्दाहरुको पुनरावेदन दर्ता र सुनुवाइ

१० सरकारवादी फौजदारी मुद्दामा सरकारी पक्षको पुनरावेदन दर्ता र विपक्षी झिकाउनु अघिसम्मको सुनुवाइ

Email: info.hcibirgunj@supremecourt.gov.np

फोन नं. ०५१-४११०९०/९१

श्री

# उच्च अदालत जनकपुर

## अस्थायी इजलास, वीरगन्ज

(प्रशासन शाखा)

११ २०७५ आषाढ मसान्त सम्म दर्ता भएका सबै प्रकारका मुद्दाहरुको कारवाही तथा सुनुवाइ

१२ पक्राउ स्यादी पुर्जी जारी गर्ने काम कारवाहीहरु

१३ दर्ता भई विचाराधीन रहेका मिलापत्र वा फिर्ता हुन सक्ने सबै प्रकारका मुद्दाहरुको मिलापत्र वा फिर्ता सम्बन्धी काम कारवाही

१४ न्याय प्रशासनका आन्तरिक विविध पत्राचारहरु सहितका कार्यहरु

.................................

लक्ष्मीकान्त झा

नि.रजिष्ट्रार

Email:.info.hcibirgunj@supremecourt.gov.np

फोन नं. ०५१-४११०९०/९१